# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालद्वारा सिटिजन्स बैंक लि. को छहरे शाखा, कृषि विकास बैंक लि. को वतासे शाखाका उद्घाटन र कालिका माध्यमिक विद्यालयद्वारा प्रकाशित स्मारिकाको विमोचन

गभर्नर डा. चिरंजीबि नेपालले २०७४ भदौ १८ गते सिटिजन्स बैंक लि. को छहरे शाखाको उद्घाटन गर्नुभयो ।




सिटिजन्स बैंक लि. को ६० औं शाखा उद्घाटन गर्ने क्रममा गभर्नर डा. नेपालले बैंकका गाउँगाउँमा शाखा विस्तारले वित्तीय श्रोत नभएकालाई स्वरोजगारको अवसर सिर्जना भएको बताउनुहुदैं उहाँले बैंकले अवसर देखेर यो क्षेत्रमा आएकाले सो अवसरलाई जनताले सदुपयोग गरी महंगो ब्याजदरमा ऋण लिने/दिने अवस्थाको अन्त्य गर्नुपर्ने बताउनुभयो ।

गाउँगाउँमा बैंकको विस्तारले जनतामा बैंकिङ बानीको विकास हुँदै जाने, खाता खोली वचत गर्ने एवं ऋण लिई व्यवसाय विस्तार गरी आर्थिक उन्नतिको बाटो खुल्ने गभर्नर डा. नेपालले बताउनु भयो ।

नेपालमा बैंकिङ सेवाको पहुँच कम रहेको अवस्थामा यस्तो बैंकका शाखा विस्तारले देशमै उद्योगधन्दाको लागि आवश्यक पूँजी उपलब्ध भई रोजगारीका अवसर सिर्जना समेत गरी युवाशक्तिलाई विदेश पलायन हुनबाट जोगाउने बताउनु भयो । कृषि प्रधान देशमा कृषि उपजका लागि विदेशमा भर पर्नुपरेको गभर्नर डा. नेपालले बताउनुभयो । विदेशमा सीप, शिक्षा लिई स्वदेशमा काम गरी रोजगारी सिर्जना गर्नको लागि स्थानीय स्थानमा खुलेको बैंकको सदुपयोग गर्नुपर्ने बताउनुभयो । उक्त कार्यक्रममा गभर्नर डा. चिरजीबि नेपालले सिटिजन्स बैंकबाट स्थानिय दुईवटा विद्यालयलाई प्रदान गरिएको २ वटा कम्प्युटर हस्तान्तरण गर्नुभयो ।

गभर्नर डा. नेपालले सोही दिन कृषि विकास बैंकको वतासे शाखा उद्घाटन गरी खाता खोलेका ग्राहकहरुलाई चेक बुक हस्तान्तरण गर्नुभयो ।




गभर्नर डा. चिरंजीबि नेपालले सोही दिन कालिका माध्यमिक विद्यालय, पाल्पाको ५० औं वार्षिकोत्सवको अवसरमा प्रकाशित स्मारिकाको विमोचन गर्नु भयो । उक्त कार्यक्रममा उहाँले रोजगारी सिर्जना गर्न शिक्षा जरुरी रहेको र व्यवसायिक शिक्षाले सोमा सघाइपुग्ने बताउनुभयो । अभिभावकहरुले विद्यालयको गतिविधिमा चनाखो भई जिम्मेवारी अनुरुपको भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गर्नुभयो । संसारभरी सामुदायिक विद्यालयले पाएको सफलता र यसबाट उत्पादित विद्यार्थीहरु राज्यका महत्वपूर्ण स्थानमा रही योगदान दिन सक्ने बनुन् भनी गभर्नर डा. नेपालले शुभकामना दिनुभयो ।

२०७४ भदौ १८, आइतबार

गभर्नरको कार्यालय